# रूपन्देही क्याम्पस जर्नल

# Rupandehi Campus Journal

१

रूपन्देही क्याम्पस
सिद्धार्थनगर, रूपन्देही

**Rupandehi Campus**
Siddharthanagar, Rupandehi

विषयसूची


नेपालको भाषिक अवस्था — प्रा. कपिलदेव लामिछाने / १

Lumbini-The Fountain of World Peace — Prof. Gitu Giri / १८

A Study on Effectiveness of Teachers Professional Development Training — Motilal Subedi, Balmukunda Upadhayay/ २४

संस्कृत व्याकरण : परम्परा र उपलब्धि — शालिकराम पौडयाल/३३

छाउपडी उपन्यासको समाजशास्त्रीय अध्ययन — पवित्रा कोइराला/ ४२

Creative and Critical Thinking in Language Classrooms — Yub Raj Panthi / ४८

# छाउपडी उपन्यासको समाजशास्त्रीय अध्ययन

पवित्रा कोइराला

*[कविता पौडेल नेपाली साहित्यमा परिचित नाम हो । साहित्यका विविध विधामा कलम चलाएकी पौडेलको पछिल्लो उपन्यास **छाउपडी**ले नेपाली समाजका विविध आयामहरूलाई पात्रगत अन्वयबाट प्रस्तुत गरेको छ । यही उपन्यासको अध्ययनका सन्दर्भमा यहाँ समाजशास्त्रीय अध्ययनलाई आधार बनाई उपन्यासको कथानक सन्दर्भबारे छोटकरीमा चर्चा गर्दै फ्रान्सेली समालोचक तेनले साहित्यको समाजशास्त्रीय अध्ययनका आधारका रूपमा विकास गरेका प्रजाति, क्षण र पर्यावरणलाई आधार बनाई **छाउपडी** उपन्यासको विश्लेषण गरिएको छ ।]*

## १. विषयप्रवेश

नेपाली समाजका यथार्थ घटना र त्यसका पीडाहरूलाई सङ्कलन गरी आख्यानात्मक चेतसहित प्रस्तुत गर्न सक्ने केही प्रतिभाशाली महिला आख्यानकारका रूपमा कविता पौडेलको नाम लिँदा अन्यथा नहोला । नेपाली साहित्यलाई आफ्ना कविता, कथा र उपन्यासजस्ता कृतिबाट योगदान दिएकी साहित्यकार कविता पौडेलको जन्म २००२ सालमा अर्घाखाँचीको पोखराथोकमा भएको हो (तिमसिना, २०६८:१) । आफ्नो जीवनको सोह्र वर्षमा मात्र साक्षरता हासिल गरेकी पौडेलको जीवन आफैँमा रोचक रहेको पाइन्छ । उनी बाँचेको पुरातन मान्यतामा जकडिएको नेपाली समाजमा हलो जोत्ने, मलामी जाने, खसी काट्ने तथा घर छाउनेजस्ता महिलाका लागि वर्जित गरिएका कार्यहरू गर्ने व्यवहारले उनीभित्र पुरातनपन्थी पितृसत्तात्मक समाजप्रति असन्तुष्टि र विद्रोहको चेत रहेको जानकारी दिन्छ । यही प्रवृत्तिविरुद्धको आवाजको प्रकटन उनका साहित्यिक सिर्जनामा पनि भएको छ । विशेषगरी कुनै पनि लेखक आफू बाँचेको समाजभन्दा भिन्न भएर साहित्यको सिर्जना गर्न उत्प्रेरित नहुने हुँदा कविता पौडेलले पनि आफूले देखेको नेपाली समाज र यसका विभिन्न समस्यालाई आफ्नो सिर्जनामा प्रस्तुत गरेकी छन् । विशेषतः महिला हुनुका नाताले नेपाली समाजमा महिलाका समस्यामा बढी केन्द्रित भए तापनि त्यसको सम्यक् प्रस्तुति उनका आख्यानिक विशेषताअन्तर्गत पर्दछ । यही विशेषतालाई अङ्गीकार गरेर लेखिएको उनको छैटौं उपन्यास छाउपडी (२०७१) को कथानकको परिचय दिँदै साहित्यको समाजशास्त्रीय समालोचनाका प्रणेता तेनको प्रजाति, क्षण र पर्यावरणका आधारमा अध्ययन गर्नु सान्दर्भिक देखिएको छ ।

## २. छाउपडी उपन्यासको कथानक र यसको परिवेश

छाउपडी उपन्यासमा कथानकको उठान रूपन्देहीको सामाजिक परिवेशलाई लिएर पार्वती नामक पात्रका माध्यमबाट आरम्भ गरिएको छ । ऊ आफैँमा जेलजीवन बिताइरहेकी कुण्ठाग्रस्त पात्रका रूपमा कथानकको आरम्भमा आएकी छ । ऊ आफूमा रहेको यही कुण्ठा र नेपाली समाजको स्त्रीपीडक पुरुष मानसिकताको सिकार भएकी छ । आफूलाई माया गर्ने सौतेनी आमाबाट मुक्तिका लागि घर छोड्नु उसको कुण्ठाग्रस्त मानसिकता हो भने उसको यही मानसिकताका कारण उसको जीवन कष्टकर बन्न पुगेको छ । उसका जीवनमा आएका समस्या र चुनौतीहरू उसले रोजेका ध्वंसात्मक बाटोको परिचायकका रूपमा कथामा देखा परेको छ ।

त्यस्तै कथानकको दोस्रो स्रोतको रूपमा आएकी पात्र जमुनीको सामाजिक परिवेश दाङ क्षेत्रसँग सम्बन्धित रहेको छ । ऊ यस क्षेत्रमा रहेको कमैया प्रथा र त्यसको नकारात्मक सामाजिक प्रभावले निर्माण गरेको असमान आर्थिक शोषणको चक्रमा पिसिन बाध्य छ । नेपालको वर्तमान राजनीतिक बहसमा रहेको जातीय पहिचान वा जातीय आत्मीयताका तुलनामा वर्गीय पक्षधरताको महत्त्व रहेको सन्दर्भ यस पात्रसँग अत्यन्त

रोचक तवरमा जोडिन आएको छ । त्यस्तै यस पात्रका जीवनमा आएका राज्यसंयन्त्ररूपी प्रहरीको क्रूर चरित्रको चित्रणले यस कथानकलाई पञ्चायती राजनीतिको परिवेशसँग पनि जोडेको छ।

कथामा आएको अर्को पात्र भने अञ्जली नेपालको पश्चिमी क्षेत्रको प्रतिनिधि पात्र हो । यहीँबाट आरम्भ भएको कथानकका आधारमा यस उपन्यासको नाम छाउपडी राखिएको हो । पश्चिम नेपालतिर अधिक प्रचलनमा रहेको छाउपडीको समस्या र त्यसले नारीहरूको अस्मिता र सामाजिक जीवनमा ल्याएको मूल्यहीनतामाथि यस खण्डमा चर्चा गरिको छ। यद्यपि कथानकमा अञ्जलीको कथा भने अर्की पात्र देउती धमलाबाट कथिएको छ। कथामा तुलनात्मक रूपमा शोषणभन्दा पनि नारीको जीवन र अस्मिताको मूल्यलाई केन्द्रमा राखेर यस खण्डको कथालाई विकास र निकास दुवै दिइएको छ।

उपन्यासको पाँचौं खण्डमा देउती धमलाको जीवनका भोगाइलाई चित्रण गरिएको छ । उनको जीवनको भोगाइ पनि सुदूरपश्चिमी क्षेत्रमा रहेको छाउपडी प्रथाको विरोधसँगै अघि बढी सामाजिक संरचना र प्रचलनविरुद्धमा गरिएको विद्रोहसम्म विस्तार भएको छ । समाजको विरुद्धमा जाँदा भोग्नुपर्ने लाञ्छना र प्रताडनाका साथै राज्यबाट संरक्षण नपाउँदाको अवस्थामा भएको बलात्कारजन्य पीडामा जेलिएको उसको जीवनको कथा आफैंमा उपन्यासको नामकरणसँग मेल खाएको छ।

उपन्यासको खण्ड छमा आएकी माधुरीका आमाको कथाले नेपाली समाजमा दाइजोको लोभ र सासूले बुहारीमाथि गर्ने पितृसत्तात्मक अभ्यास र हैकमले निम्त्याएको नारी अस्मितामाथिको प्रश्नचिह्नलाई केन्द्रमा राखेको छ। त्यस्तै खण्ड सातमा केही हदसम्म आधुनिक समाजको पहिचानका रूपमा रहेको स्वास्थ्य क्षेत्रसँग सम्बन्धित रहेका पात्रहरूका माध्यमबाट यस क्षेत्रमा रहेका विकृतिलाई देखाउने प्रयत्न गरिएको छ । मध्यमाञ्चलको सन्दर्भबाट आरम्भ भए तापनि कथानकको समाजिक पर्यावरणमा पश्चिमाञ्चल क्षेत्र र यसको क्षण प्रमुख रूपमा आएको छ, तर यस उपन्यासमा आएका खण्ड छ र सातमा कथानकको विकास कुनै उद्देश्यबिना नै गरिएको प्रतीत हुन्छ।

उपन्यासको खण्ड आठअन्तर्गत आएको पात्र चन्द्रबहादुर गुरुङको सन्दर्भले तत्कालीन क्षण र पर्यावरणमा नेपाली समाजमा भइरहेको बालविवाह र त्यसको प्रभावका साथै नेपाली समाजमा लाहुरे हुनुको पीडा र त्यसले समाजमा ल्याइरहेको यौन व्यवहारको विचलनको परिणामलाई प्रस्तुत गरेको छ।

उपन्यासको खण्ड नौ अन्तर्गत आएकी उजेली पात्र नेपाली समाजमा वर्गीय प्रजातिको प्रतिनिधि पात्रका रूपमा उपस्थित छ । निमुखा तथा निम्नवर्गीय आर्थिक वर्गको प्रतिनिधित्व गर्ने ऊ कथित उच्च जातीय अहम्को सिकार भई यौन शोषणमा परेकी र गर्भवती भएकी छ, तर उच्चजातीय अहङ्कारले युक्त नेपाली समाजमा तल्लो जातिका युवतीहरूको अस्मिता हरण गरे तापनि उनीहरूलाई अपनाउने सन्दर्भमा भने निकै नै कठोर व्यवहार गर्ने गरेको उदाहरण सुवेदी ब्राह्मणले उसको प्राण लिन खोजेको सन्दर्भबाट प्रस्ट हुन्छ।

उपन्यासको खण्ड दसअन्तर्गत आएको भुजेलको कथानकले नेपाली समाजमा भइरहेको वर्गीय उत्थान र त्यसले निम्त्याएको दुष्परिणामलाई देखाएको छ भने खण्ड एघार अन्तर्गत आएको कथानकमा नेपाली समाजमा बालश्रमको प्रयोग र त्यसका परिणामलाई आख्यानकारले केलाउन खोजेकी छन्।

यस उपन्यासमा आएका हरेक पात्रहरू आफ्नो पर्यावरणीय परिस्थितिका कारण दुखद अवस्था भोल्न पुगेका छन् । त्यस्तो अवस्थाको निर्माणमा कहीं कुण्ठाग्रस्त मानसिकताको प्रभाव देखिन्छ भने कहीं प्रतिशोधको भावनाले गरिएका क्रियाकलापले दुःखान्तको निर्माण गरेको छ। यद्यपि उपन्यासको अन्त्यलाई आफ्ना सम्पूर्ण कमीकमजोरीलाई जेल सजायमा रहँदा सुधारेर आएका सम्पूर्ण पात्रहरूको सामूहिक भेट र जीवनतर्फको सिर्जनात्मक यात्राले सुखान्तमा पुगेर टुङ्ग्याएको छ । यद्यपि, उपन्यासकारले उपन्यासमा कथानकको पर्यावरणीय प्रस्थानविन्दु २०३७ साललाई मान्दै पूर्वघटित घटनाहरूको संस्मरण कथनको ढाँचामा विन्यास

गरेकी छन्, तर अनेक व्यक्तिगत कथाहरूलाई जोड्दा कथानकको आधारका रूपमा पहिलो खण्डमा रहेको २०३७ साललाई बिर्सिएर उपन्यासको खण्ड चारमा त्यसपछिको समय २०४५ सालको घटनालाई समेटिनुले आख्यानकारको परिवेशगत संयोजनको कुशलतामा प्रश्न उठेको छ।

३. छाउपडी उपन्यासको समाजशास्त्रीय अध्ययन

कविता पौडेलले रचना गरेको छाउपडी उपन्यासको सामाजिक परिवेशले नेपालको पूर्वाञ्चलदेखि मध्यपश्चिमसम्मको क्षेत्रलाई समेटेको छ । नेपालको मुख्य भौगोलिक क्षेत्रका अतिरिक्त विविधतायुक्त समाजिक संरचना रहेको क्षेत्रलाई पनि कथानकको परिधिमा अटाउन सक्नु कथाकारको शिल्पकुशलता हो। यस सन्दर्भमा साहित्यमा सर्वप्रथम समाजशास्त्रीय चेतसहितको समालोचना पद्धति भित्र्याउने फ्रान्सेली समालोचक तेनको अवधारणालाई आत्मसात गर्दै यहाँ छाउपडी उपन्यासको विश्लेषण गरिएको छ।

समाजशास्त्रले समाजिक संरचनाको अस्तित्व निर्माणका निम्ति आवश्यक विभिन्न पक्षसँग सम्बन्ध स्थापित गरी छुट्टै प्रकारको अध्ययनको पद्धति विकास गरेको हुन्छ, जहाँ विभिन्न विधाहरूको सम्मिश्रण रहन्छ (घिमिरे, २०५८:७४)। कलाकृति तथा कलाकारका पारस्परिक प्रभावका सन्दर्भमा कला साहित्यको सिर्जना, व्याख्या तथा वर्गीकरण गर्ने विधाका रूपमा साहित्यको समाजशास्त्रलाई परिभाषित गर्न सकिन्छ। जेम्स एफ इग्लिसका अनुसार साहित्यको समालोचनाको प्रयोगमा साहित्यको समाजशास्त्र आफैमा सांस्कृतिक अध्ययन समाजशास्त्रको हाँगाका रूपमा विकास भएको हो। तसर्थ यस समालोचना पद्धतिले साहित्यको सामाजिक उत्पादन र त्यसको सामाजिक उपयोगको पाटोमाथि बढी जोड दिएको हुन्छ (इंग्लिस, २०१०:१२)। टेरी इगल्टनका अनुसार कुनै पनि साहित्यको सिर्जनामा लेखक बाँचेको सामाजिक परिवेशको प्रभाव बढी हुने गर्दछ। यही कारण साहित्यको अध्ययनका लागि लेखक बाँचेको समाजको विशिष्ट परिवेशलाई बुझ्ने उद्देश्यले साहित्यमा सामाजशास्त्रीय समालोचनाको आरम्भ भएको हो (इगल्टन, १९८८:४४)।

विल्सन तथा एम ब्रोडवरी साहित्यको समाजशास्त्रलाई एक विशिष्ट एवम् जटिल साहित्यिक क्रियाको गहन व्यञ्जनात्मक एवम् सामञ्जस्यपूर्ण अध्ययन मान्दछन् । स्कर्पिटको विचारमा साहित्यको सामाजशास्त्र साहित्यिक तथ्यको विशिष्ट प्रकृतिसित सम्बन्धित हुन्छ। साहित्यको समाजशास्त्रले त्यही विशिष्ट प्रकृतिको अध्ययन तथा विश्लेषण गर्छ (नागेन्द्र, इ.१९८२:६८)। साहित्यको समाजशास्त्रीय अध्ययनमा साहित्यकारले देखेका भोगेका समाजको सामाजिक अवस्थितिलाई मूल रूपमा व्याख्या गरिन्छ। साहित्यको सामाजशास्त्रका अध्येता तेनका विचारमा साहित्यको समाजशास्त्रीय अध्ययनमा मूलतः प्रजातिको प्रभाव, क्षण र पर्यावरण सामाजिक, सांस्कृतिक कार्यकारणको तालमेल, लेखकको अनुभूतिको सञ्चित संरचना र त्यसले निर्माण गरेको विश्वदृष्टिको प्रकटीकरणलाई केन्द्रमा राखिएको हुन्छ।

समाजशास्त्रीय अवधारणालाई व्यापक बनाई त्यसको साहित्यिक विबेचनामा प्रयोग गर्ने तेनको विचारमा कुनै पनि साहित्यमा तत्कालिक समाजका मुख्य तीन पक्षहरूको प्रकटन भएको हुन्छ। ती पक्षहरूमा विशेषगरी पात्रका रूपमा आएका प्रजातीय अवस्थिति, साहित्यको मूल्यलाई ऐतिहासिक सापेक्षतामा मूल्याङ्कन गर्नुपर्ने अवधारणाअनुरूप साहित्यमा प्रयुक्त क्षण तथा साहित्य निर्माणमा आएको विशिष्ट पर्यावरणको मूल्याङ्कन गर्नुपर्ने हुन्छ।

३.१ छाउपडी उपन्यासमा प्रयुक्त प्रजातीय अवस्थिति

कुनै पनि साहित्यिक सिर्जनामा सर्जकले समाजका यथार्थ घटना वा तथ्यहरूलाई काव्यात्मक चेतमा बाँधेर मात्र प्रस्तुत गरेको हुन्छ। लेखक आफैं समाजको चेतनशील व्यक्ति हुने भएकाले समकालीन युग, वातावरण, संस्कृति वा परम्पराको विरोध वा समर्थन गर्दछ। यसका आफ्नै विशिष्ट कारणहरू रहेका हुन्छन्। साहित्य र त्यसको सर्जकबीचको यही सम्बन्धको खोजी गर्नु पनि समाजशास्त्रीय समालोचना पद्धतिको एउटा उद्देश्य हो।

समाजशास्त्री गोल्डम्यानका अनुसार समाजमा निश्चित भूगोलभित्र अवस्थित रहे तापनि त्यस क्षेत्रका सामाजिक वर्ग, समुदाय वा प्रदायभित्रका कर्ताहरूको विचार, चिन्तनमा भिन्नता रहने वा भौगोलिक भिन्नताका बाबजुद पनि यी पक्षहरूमा अचम्म लाग्दो गरी समानता हुन सक्दछ (घिमिरे, २०५८:७४)। यस्तो सामाजिक स्वरूपको अध्ययनलाई साहित्यमा विश्वदृष्टिको निरूपणका आधारमा पहिचान गर्ने गरिन्छ।

छाउपडी उपन्यासको कथावस्तु लेखकले आफैँ बाँचेको समाजबाट टिपिएको हुनाले यहाँ नेपाली समाजका सबै तह र तप्काका प्रतिधित्वयुक्त प्रजातीय पात्रको उपस्थिति रहेको छ। त्यस्तै उपन्यासकारले आफू बाँचेको समाजमा देखेका खान्दान, जात, कुल जस्ता विभेदका अनेक आयामबाट आख्यानमा पात्रको प्रजातीय उपस्थिति गराएको पाइन्छ। नेपाली समाजमा आर्थिक, जातगत, लिङ्गगत आधारमा उँचनिंच छुट्याउने परम्परालाई आधार बनाई त्यसका आधारमा पात्रहरूको प्रजातीय उपस्थिति गराएकी छन्। यस उपन्यासको कथावस्तुमा आएका उच्च वर्गीय अहंकार बोक्ने प्रजातिगत पात्रका रूपमा रामरतन, थानेदार, रेग्मी बाहुन तथा बिजुलीका व्यक्तिगत तथा संस्कारगत व्यवहारहरू नेपाली समाजको एक प्रजातिको सामाजिक विशेषताका रूपमा रहेको छ। त्यस्तै उपन्यासको कथावस्तुमा आएका पात्रहरूमा पार्वती, जमुनी, अञ्जली, देउती, माधुरिका आमा, चन्दा, चन्द्रबहादुर गुरुङ, उजेली, होमबहादुर भुजेल, लक्ष्मनियाँजस्ता पात्रहरूले नेपाली समाजका विशेष प्रजातीय प्रवृत्तिको प्रतिनिधित्व गर्दछन्। यहाँ आएका पहिलो प्रवृत्तिका प्रजातीय पात्रहरूमा विशेषगरी परपीडक मनोवृत्तिको प्रतिनिधित्व रहेको छ। यो वर्गीय र जातीय आधारमा विभाजित रहेको समाजमा रहने प्रजातीय अवस्थितिको द्योतक हो भने दोस्रो प्रवृत्तिलाई आत्मसात् गर्ने प्रजातीय पात्रको उपस्थिति पनि नेपाली समाजको अर्को यथार्थका रूपमा आएको छ। दोस्रो प्रवृत्तिलाई बोक्ने पात्रहरूको आफ्नो आर्थिक अवस्थाप्रतिको चिन्तन, भाग्यवादी चिन्तन र त्यसले निर्माण गरेको शोषणमूलक असमान आर्थिक सम्बन्धको सहज स्वीकारोक्तिले पनि नेपाली समाजको एक तप्काको प्रजातीय पहिचान नै झल्काएको छ। यही प्रजातीय पहिचानलाई यस उपन्यासमा आएका निम्नवर्गीय चरित्रका पात्रहरूको उपस्थितिले दर्शाएको छ। यस अर्थमा उपन्यासकार कविता पौडेलले आफ्नो यस छाउपडी उपन्यासमा नेपाली समाजका प्रतिनिधिमूलक प्रजातीय पात्रको समुचित प्रयोग गर्दै पात्रमा विविधता कायम गरेकी छन्।

### ३.२ छाउपडी उपन्यासमा प्रयुक्त क्षणको विवेचना

उपन्यासकार पौडेलको छाउपडी उपन्यासमा आएका तृतीय पुरुष पात्रहरूको प्रौढोक्तिमा कथानकको विकास भएको छ। यस उपन्यासको कथानकको आधार विगतका घटनालाई आधार लिएर निर्माण गरिएको कथानकको क्षण २०३६ साल अघिपछिको सङ्क्रमणकालीन नेपाली समाजको समय र संस्कारमा बाँचेका पात्र र तिनीहरूको प्रवृत्ति केलाउन सकिने क्षणका रूपमा निर्माण भएको छ। सामन्ती अर्थव्यवस्थामा चलिरहेको नेपाली समाजमा महिलामाथि पुरुषको सामजिक तथा यौनिक शोषण, आर्थिक असमानतामा पिल्सिएको नेपाली समाज, सामाजिक रूपमा महिलामाथिको विभेदलाई धार्मिक आडमा वैधानिकता दिइएको पश्चिमी क्षेत्रको नेपाली समाजको स्थिति कथामा क्षणिक रूपमा आएको छ।

उपन्यासकारले उपन्यासमा प्रयोग गरेका स्त्री पात्रहरूले भोगेका क्षणमा देखिएका सामाजिक आयतनले नेपाली समाजको तत्कालीन स्वरूपको चित्रण गरेको छ। आर्थिक रूपमा कमजोर पात्रहरूको यौन शोषणबाट उत्पन्न परिणामलाई पैसाको बलमा अन्य त्यस्तै पात्रहरूलाई जिम्मा लगाउने तत्कालीन नेपाली समाजको प्रवृत्ति वर्तमान समयसम्म पनि तन्किएको पाइन्छ। यस दृष्टिले हेर्दा आख्यानमा प्रयुक्त कतिपय क्षणको सामाजिक आयतन वर्तमान समयसम्म पनि सान्दर्भिक तवरमा जोडिएर आएको छ।

समाजमा प्रचलित छाउपडी जस्तो कुरीतिका सन्दर्भमा जसरी पनि छोरा जन्माउनुपर्ने सामाजिक परिवेशको क्षण पनि यस कथाको नेपाली समाजको अर्को सामाजिक यथार्थका रूपमा आख्यानमा आएको छ।

### ३.३ छाउपडी उपन्यासमा प्रयुक्त पर्यावरण

उपन्यासको आरम्भ बितेको घटनाको स्मरण र कथनबाट अघि बढेको छ । कथाकारले आरम्भमा कथाको पर्यावरणलाई २०३७ सालतिर केन्द्रित गरेको पाइन्छ । तर विगतका घटनालाई स्मरण गरेको सन्दर्भ पछिका कथामा आउँदा २०४५ सालसम्म तन्किन पुगेको छ । समयको लम्बीय तालमेल मिल्न नसके तापनि नेपाली समाज २०३६ सालपछिको परिवर्तनको चक्रमा परेको र त्यसका केही बाछिटा नेपाली जनमानसमा पनि पर्न थालेको उदाहरणका प्रतिनिधिमूलक घटनालाई टिपेर उपन्यासकारले नेपाली समाजमा पितृसत्तात्मक सत्ता र सामाजिक शोषण तथा त्यसको क्रमिक प्रतिकारको सामाजिक पर्यावरणलाई कथामा उनेकी छन् । तुलनात्मक रूपमा यस उपन्यासमा नेपाली समाजको सङ्क्रमणकालीन अवस्थामा देखा पर्न थालेका सामाजिक विकृति तथा त्यसको प्रतिरोधका पर्यावरणीय अवस्थितिको चित्रण कथाकारको सशक्त पक्षका रूपमा देखा परेको छ ।

यस उपन्यासमा विशेषगरी पश्चिम नेपालको पर्यावरणको प्रयोग बढी भएको छ । मध्यपश्चिमको दाङबाट आरम्भ भएको उपन्यासको यात्राले यही पर्यावरणका सन्दर्भमा नै आफ्नो सम्पूर्ण कथानकलाई बुनेको छ । मध्यपश्चिम क्षेत्रमा रहेको कमैया प्रचलन र त्यस प्रचलनभित्र रहेको यौनशोषण तथा आर्थिक शोषणको सामाजिक पर्यावरणलाई प्रतिनिधित्व गर्दै पार्वती, उजेली, जमुनी, लछमनिया आएका छन् । त्यस्तै नेपालको मध्यपश्चिम तथा सुदूर पश्चिम क्षेत्रमा प्रचलित छाउपडी प्रथा आफैँमा धार्मिक अन्धविश्वाससँग सम्बन्धित छ । विशेषगरी मस्टो देवताको स्थापना गरी पूजाआजा गरिने क्षेत्रमा अपनाइने शुद्ध र अशुद्धको अवधारणासँग सम्बन्धित रहेको यो प्रचलन महिलाहरूमा महिनावारी हुँदा मानिने अशुद्धिसँग बढी सम्बन्धित रहेको पर्यावरणीय चित्रण यथार्थको निकट रहेको छ । वैज्ञानिक तथ्य नभए तापनि धार्मिक अन्धविश्वासमा आधारित रहेको यस प्रचलनमा महिलालाई मासिक प्रक्रियाका दौरान सार्वजनिक जीवनमा संलग्न हुन वर्जित गरिन्छ । यस कार्यका लागि यस्तो समयमा बस्ने प्रयोजनका लागि मूल घरभन्दा निकै वा केही पर अलग सानो घर बनाइएको हुन्छ, जहाँ महिलाले प्रथम मासिक प्रक्रिया र बच्चा जन्माउँदा २२ दिनसम्म र अन्य अवस्थामा ९ दिनसम्म छाउपडी बस्नु पर्ने हुन्छ (पौडेल, २०७१: भूमिका घ)। यस प्रथाका कारण यसको प्रचलन क्षेत्रमा मातृ तथा बाल मृत्युदर उच्च रहेको छ । यस उपन्यासमा यस्ता स्थानहरूमा महिलामाथि हुने यौनहिंसा अर्को नकारात्मक सामाजिक पर्यावरणीय पाटोका रूपमा रहेको छ । उपन्यासकारले देउती र अञ्जलीका पात्रगत उपस्थितिबाट नेपाली समाजमा विद्यमान रहेको यस प्रकृतिको पर्यावरणीय चित्रण गरेकी छन् । पात्रका कथनबाट नै भए तापनि यस क्षेत्रको पर्यावरण संरचनाका सूचकहरू निकै सशक्त रूपमा कथानकमा उनिन आएको पाइन्छ ।

त्यस्तै उपन्यासमा उपन्यासकार नेपाली समाजमा व्याप्त रहेको निराशा, कुण्ठा, रुढिवादी मान्यताको जालोमा जकडिएको समाजबाट प्रभावित भएको देखिन्छ । यही कारण नेपाली समाजको पर्यावरणीय चित्रणका सन्दर्भमा पात्रगत उपस्थिति हेर्दा यी तत्कालिक समाजमा रहेका सामाजिक पर्यावरणको यथार्थ चित्रण हो भन्न सकिन्छ । विभिन्न बहानामा आर्थिक तथा यौनिक रूपमा शोषणमा परेका महिला तथा स्थानिकताबाट आर्थिक उपार्जनमा निस्किएका नेपाली युवाहरूको वैवाहिक जीवनमा आएका सङ्कट र त्यसले निर्माण गरेको कहालीलाग्दो सामाजिक अवस्था २०३६ सालपछिको द्रुतगतिमा परिवर्तनोन्मुख नेपाली समाजको पर्यावरणसँग मेल खान्छ । उपन्यास नेपालको एकतन्त्रीय राणाकालीन समाजमा रहेको पितृप्रधान सत्ता र त्यसको पर्यावरणीय प्रस्तुतिमा केन्द्रित छ ।

### ४. निष्कर्ष

उपन्यासकार कविता पौडेलले नेपाली समाजको धरातलीय यथार्थलाई आख्यानात्मक स्वरूप दिएर रचना गरेको छाउपडी उपन्यासमा नेपालका अधिकांश भूक्षेत्र, जातजाति र पेसाकर्मीको सामाजिक जीवनलाई

झल्काउने प्रयास गरेका तथ्य कथानकको अध्ययनबाट थाहा हुन्छ। यस दृष्टिबाट हेर्दा छाउपडी उपन्यास एउटामात्र केन्द्रीय कथानक नभएर अनेक कथानकहरूको आत्मकथात्मक शैलीमा बुनिएको आख्यानात्मक उपन्यास हो भन्न सकिन्छ। उपन्यासको कथानकमा आएको क्षण र त्यसको पर्यावरणीय विन्यासमा समयगत सन्दर्भको बेमेलले उपन्यास कमजोर भएको छ। आख्यानको थालनी २०३७ साललाई मान्दै पूर्वघटित घटनाहरूको संस्मरण कथनको ढाँचामा विन्यास गरिएका अनेक व्यक्तिगत कथाहरूलाई जोड्दा आधारका रूपमा पहिलो खण्डमा रहेको २०३७ लाई बिर्सिएर उपन्यासको खण्ड चारमा त्यसपछिको समय २०४५ सालको घटनालाई समेटिनु औपन्यासिक विन्यासमा देखिएको कमजोरी हो।

छाउपडी उपन्यासमा साहित्य समालोचनाको समाजशास्त्रीय मान्यतामा आवश्यक हुने सामाजिक जीवनको लेखकीय भोगाइको प्रकटीकरणका क्षण र वातावरण लेखकका अनुभवजन्य भन्दा पनि शास्वत लाग्दछन्। समाजशास्त्रीय समालोचना पद्धतिबाट हेर्दा उपन्यासकार यस उपन्यासमा निकै कुशल तवरमा समाजशास्त्रीय अवधारणालाई प्रयोग गर्न सफल भएकी छन्। नेपाली समाजमा रहेका विभिन्न वर्ग, प्रवृत्ति, संस्कृति वा सामाजिक प्रचलनलाई प्रतिनिधित्व गर्ने पात्रहरूको कुशल प्रजातीय विन्यासमा उपन्यासकारले देखाएको कुशलताले यस उपन्यासलाई समाजशास्त्रीय दृष्टिकोणमा उत्कृष्ट बनाएको छ। त्यस्तै यस उपन्यासमा प्रयुक्त परिवेशगत क्षणले पनि नेपाली समाजको प्रतिनिधिमूलक चिनारी दिएको छ। यस उपन्यासलाई तेनको समालोचना सिद्धान्तका आधारमा नेपाली समाजको सामाजिक, आर्थिक, सांस्कृतिक, मानसिक परिवेशको प्रस्तुतिमा देखिएको पर्यावरणीय प्रस्तुतिले उच्च कोटिको उपन्यासको श्रेणीमा पुर्‍याएको छ।

छाउपडी उपन्यासमा उपन्यासकारले रचना गरेका कथालाई प्रथम र अन्त्य खण्डको निर्माण गरी सिङ्गो आख्यानमा जोड्ने काम अत्यन्त प्रशंसनीय छ। कथानकको अन्वयमा लेखकीय कुशलता र नेपाली समाजको विविधताका साथै त्यसभित्र रहेका जातगत, आर्थिक, धार्मिक तथा सांस्कृतिक कमजोरीहरूको प्रस्तुतिमा आख्यानकारले देखाएको औपन्यासिक कुशलता प्रशंसनीय छ।

## सन्दर्भ सामग्री


घिमिरे, मुकुन्द (२०५८). "नासो कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन". त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र (अप्र.)।

तिमसिना, अनिरुद्ध (२०६८). 'कविता पौडेल : एक नारीवादी स्रष्टा', कपिलदेव लामिछाने (सम्पा.). कविता पौडेल : बहुआयाम. रूपन्देही : प्रश्रित प्रतिष्ठान नेपाल. (पृ. १(६)।

पौडेल, कविता (२०७१). छाउपडी. भैरहवा : प्रश्रित प्रतिष्ठान नेपाल।

पौडेल, रमा (२०६९). "कविता पौडेलको आख्यानकारिता". विद्वत्‌वृत्ति प्राप्तिका लागि प्रश्रित प्रतिष्ठान नेपालमा प्रस्तुत लघु अनुसन्धान पत्र (अप्र.)।

नगेन्द्र, (१९८२ इ). साहित्यका समाजशास्त्र. नयाँ दिल्ली : नेशनल पब्लिकेशन हाउस।

सुवेदी, राजेन्द्र (२०६९). 'पहिरो कथामा प्रयुक्त क्षण, जाति र पर्यावरणको अध्ययन'. प्राज्ञिक संसार. वर्ष १, अङ्क ४. पृ. ४५(४७।

Eaglton, Terry, 1988. *Two approaches in the sociology of Literature. Vol. 14, No.3,* **The Sociology of Literature,** The University of Chicago Press.

English J. F. English 2010. Everywhere and Nowhere: The Sociology of Literature After "the Sociology of Literature", **New Literary History,** Volume 41, No. 2, 2010, pp. v-xxiii. The Johns Hopkins University Press.